


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २६० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज १८ गते आइतबार ❑ 4 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## मुख्यमन्त्री पाण्डेद्वारा बाढीपहिरोको क्षतिबारे संघ सरकारको ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विपद्पछिको उद्धार, राहत र पुनर्निर्माणका लागि संघ सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

गत साताको अविरल वर्षासँगै आएको बाढीपहिरोबाट गण्डकी प्रदेशमा ३० भन्दाबढिको मृत्यू भएको थियो भने पुल, सडक, विद्यालय, सरकारी कार्यालय र घरहरु गरि भौतिक पूर्वाधारमा ठुलो क्षति पुगेको छ। मुख्यमन्त्री पाण्डेले अर्थमन्त्री स्वर्णिम वाग्ले र भौतिक पूर्वाधार विकास मन्त्री सुनिल लम्सालसँग भेट गरी असोज ९ देखि ११ गतेसम्मको बाढीपहिरोबाट गण्डकी प्रदेशका मनाङ, म्याग्दी, बागलुङ, पर्वतलगायत जिल्लामा पुनर्निर्माणका लागि आवश्यक स्रोत व्यवस्थापन गरिनुपर्नेमा जोड दिनुभयो। भेटका क्रममा मुख्यमन्त्री पाण्डेले बाढीपहिरोका कारण



अवरुद्ध भएका राष्ट्रिय राजमार्ग तथा रणनीतिक सडक तत्काल सञ्चालनमा ल्याउन आवश्यक रहेको बताउनुभयो । बेनी-जोमसोम-कोरला सडक, मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोर, बेँसीसहर-मनाङ सडक लगायतका सडकमा ठूलो क्षति पुगेकाले तत्काल मर्मत तथा पुनर्निर्माण आवश्यक रहेको उहाँले बताउनुभयो । 'राष्ट्रिय राजमार्गमा पर्ने सडक तथा दुई जिल्ला जोड्ने मुख्य सडकका पक्की पुलदेखि सडकखण्ड नै पहिरोले बगाएको छ ।, झोलुङ्गे पुलहरुपनि धेरै ठाउँमा बगेको छ, चाडपर्वको समय नजिकिँदै गर्दा सडक तत्काल मर्मत गरी सञ्चालनमा ल्याउन सकिएन भने दशैँका बेला नागरिकले ठूलो सास्ती व्यहोर्नुपर्ने अवस्था आउन सक्छ,' मुख्यमन्त्री पाण्डेले भन्नुभयो । प्रादेशिक सडक तथा तत्काल मर्मत गर्नुपर्ने वैकल्पिक सडकमा प्रदेश सरकारबाट काम अघि बढिरहेको जानकारी दिँदै उहाँले राष्ट्रिय राजमार्ग तथा संघीय सरकारको क्षेत्राधिकारभित्र पर्ने सडक र पुलको मर्मत तथा पुनर्निर्माणलाई तीव्रता दिन भौतिक पूर्वाधार विकासमन्त्री लम्सालसँग आग्रह गर्नुभयो । मुख्यमन्त्री पाण्डेले बाढीपहिरोबाट सबैभन्दा ठूलो क्षति गण्डकी प्रदेशमा भएको भन्दै क्षतिग्रस्त स्थानीय तहलाई संकटग्रस्त क्षेत्र घोषणा गरी प्राथमिकताका साथ राहत, पुनर्स्थापना र पुनर्निर्माणका कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो । मानविय क्षतिसँगै सरकारी संरचना, सडक, पुल, विद्यालयलगायत सार्वजनिक पूर्वाधारमा ठूलो क्षति पुगेकाले प्रदेश र स्थानीय तहलाई पुनर्निर्माणका लागि आवश्यक स्रोत व्यवस्थापन गरिदिन पनि उहाँले अर्थमन्त्री वाग्लेको ध्यानाकर्षण

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## 'अपरेशन ३६५' मा ८८२ वटा मोटरसाइकल कारबाहीमा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असोज

स्वरूप परिवर्तन (मोडिफाइड) गर्ने र चर्को ध्वनिसहित मोटरसाइकल चलाउनेविरुद्ध कास्की प्रहरीले गत वर्ष असोजदेखि सुरू गरेको 'अपरेशन ३६५' अन्तर्गत हालसम्म यस्ता ८ ८२ वटा मोटरसाइकल कारबाहीमा परेका छन् ।

यस अवधिमा ३६ जना मोटरसाइकल चालकलाई नियन्त्रणमा लिइ कारबाही गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। शुक्रबार मात्र स्वरूप परिवर्तन गरिएका र ध्वनि प्रदूषण गर्ने ११ वटा मोटरसाइकल नियन्त्रणमा लिइ कारबाही प्रक्रिया अगाडि बढाइएको कार्यालयका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले बताउनुभयो। जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयले संयुक्त रूपमा 'अपरेशन ३६५' सञ्चालन गर्दै आएको उहाँको भनाइ छ । समाजमा आतङ्क सृजना गर्ने र जाँचका बेला प्रहरीसँग वादविवाद गर्ने मोटरसाइकल चालकलाई नियन्त्रणमा लिइ कारबाही गर्ने गरिएको उहाँले बताउनुभयो । कतिपय मोटरसाइकल चालकलाई सम्भाइ बुभाइ परिवारको जिम्मा लगाउने गरिएको छ । मोटरसाइकलमा होहल्ला गर्दै हिँड्ने, ध्वनि प्रदूषण गर्ने, समाजमा त्रास सिर्जना गर्ने र स्वरूप परिवर्तन गरिएका मोटरसाइकल र तिनका चालकलाई नियन्त्रणमा लिई कारबाहीको दायरामा ल्याइएको हो । मोटरसाइकलका पार्टपुजा फेरेर स्वरूप परिवर्तन गर्ने, साइलेन्सरबाट चर्को र पड्किने आवाज निकाल्ने, रातको समयमा ध्वनि प्रदूषण गर्ने, समाजको शान्ति सुव्यवस्था खल्बल्याउनेजस्ता गतिविधि भइरहेको जनगुनासो बढेपछि प्रहरीले यस्ता गतिविधिलाई नियन्त्रणमा लिन 'अपरेशन ३६५' सञ्चालन गरेको हो । प्रहरीले मोटरसाइकलमा होहल्ला गर्दै हिँड्ने, ध्वनि प्रदूषण गर्ने र स्वरूप परिवर्तन गरिएका मोटरसाइकल देखिएमा नजिकको प्रहरी कार्यालयमा खबर गर्ने अनुरोध गरेको छ । सूचना दिने व्यक्तिको गोपनियता कायम राखिने जनाइएको छ।

स्वीकृति नलिई सवार ीसाधनको साइलेन्सर, सिट, रङ, स्वरूप, नम्बर प्लेट, लुकिङग्लास, सक, ह्याण्डल, इञ्जिन, चेसिसमा परिवर्तन गर्ने वा ध्वनि प्रदूषण हुने खालका पार्टपुर्जा जडान गरेमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को बमोजिम रु १५ हजारसम्म जरिवाना हुने व्यवस्था छ। कास्की प्रहरीले गत वर्ष पनि अभियानकै रूपमा यस प्रकृतिका मोटरसाइकल नियन्त्रणमा लिई कारबाहीको दायरामा ल्याएको थियो।

## ऐतिहासिकस्थलमा कांग्रेसको १५औँ महाधिवेशन हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असोज

नेपाली कांग्रेसका संस्थापक एवं प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाले निर्वासनबाट स्वदेश आगमनपछि पहिलो सार्वजनिक सम्बोधन गर्नुभएको स्थलमा पार्टीको १५औँ महाधिवेशन हुँदैछ।

कांग्रेसको १५औँ महाधिवेशन आइतबार असोज १८ गते दिउँसो २:०० बजे टुँडिखेल खुलामञ्चमा उद्घाटन हुँदैछ । त्यही टुँडिखेलमा कांग्रेसका अर्का संस्थापक नेता गणेशमान सिंहले निरंकुश सत्ताको अन्त्यका लागि भएको २०४६ सालको जनआन्दोलनको सफलताको उद्घोष गर्नुभएको थियो । महाधिवेशनको उद्घाटन सभापति गगनकुमार थापाले गर्नुहुने भने उद्घाटन सत्रमा कांग्रेसका शीर्ष नेताहरूका साथै मुलुकका प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूको समेत सम्बोधन हुने बताइएको छ। महाविधेशनको तयारीसम्बन्धी जानकारी दिन आज यहाँ आयोजित पत्रकार सम्मेलनमा देवराज चालिसेले भन्नुभयो, "यो यसकारण पनि ऐतिहासिक महाधिवेशन हो, जुन महाधिवेशनको प्रक्रियाबाट नवपुस्ताका ४४ हजार युवा जिम्मेवारीमा आएका छन् र उनीहरूसहितले छानेका सात हजारभन्दा बढी प्रतिनिधिहरू सहभागी हुँदैछन् ।" गत पुस २८ देखि माघ ३ गते सम्पन्न कांग्रेसको दोस्रो विशेष महाधिवेशनपछि यो महाधिवेशन हुन लागेको उहाँले जानकारी दिनुभयो।

कांग्रेसको यस महाधिवेशनबाट पैतिस वर्ष मुनिका युवाका साथ लोकतन्त्र सेनानी, श्रमिक तथा पेसागत समूह र विदेशमा रहेका नेपालीसमेत पहिलोपटक केन्द्रीय समितिमा प्रतिनिधित्व गर्ने अवसर पाउँदै छन् । 'ऊर्जाशील कांग्रेस, नयाँ सङ्कल्प' यस महधिवेशनको मूल मन्त्र राखिएको छ। "छलफल सत्रमा नयाँ सङ्कल्पका विषयमा गहन छलफल हुनेछ र यसको कार्यान्वयनको खाका तयार गरिने छ", प्रवक्ता चालिसेले भन्नुभयो, "यो महाधिवेशनले यी सङ्कल्पलाई कसले कार्यान्वयन गर्न सक्छ भनेर नेतृत्व चयन गर्नेछ। यो महाधिवेशनको सम्पूर्ण प्रयास कांग्रेसमा विधि र पद्धति निर्माण गर्नमा केन्द्रित हुनेछ।" नेपाली राजनीतिमा कांग्रेसले धेरै इतिहास रचेको र अब नयाँ इतिहास निर्माण गर्न चाहेको उल्लेख गर्दै उहाँले कांग्रेसले अब बिपी कोइरालालाई इतिहासबाट भविष्यसँग जोड्ने र यसका लागि देशको समृद्धिको वैचारिक आधार बिपी विचारलाई बनाइने जानकारी दिनुभयो। महाधिवेशनमा देश तथा विदेशबाट महाधिवेशन प्रतिनिधिहरू सहभागी हुन काठमाडौँ आउनेक्रम जारी रहेको र झण्डै सात हजार ५०० महाधिवेशन प्रतिनिधि रहने पार्टी कार्यालयले जनाएको छ।

आजैदेखि पार्टी केन्द्रीय कार्यालय सानेपामा महाधिवेशन प्रतिनिधिको दर्ता प्रक्रिया सुरु भएको छ । महाधिवेशन प्रतिनिधिले सहभागिता दर्ताबापत रु तीन हजार ५०० बुझाउनुपर्ने व्यवस्था गरिएको निर्वाचन समितिले जनाएको छ । त्यस्तै, आवास व्यवस्थापन समितिले हरेक निर्वाचन क्षेत्र, जिल्ला र प्रदेशबाट एक/एक जना संयोजक तोकेर सम्बन्धित भूगोलका महाधिवेशन प्रतिनिधिका लागि बसोबासको समन्वय गर्ने प्रबन्ध गरेको जनाएको छ । सहभागीले आवाससम्बन्धी जानकारी ह्वाट्सएप, एआई नम्बर र एसएमएसबाट प्राप्त गर्ने व्यवस्था मिलाइएको आवास व्यवस्थापन समितिले जनाएको छ । भोलि आइतबारको उद्घाटन कार्यक्रमपछि असोज १९ र २० गते बन्दसत्र सञ्चालन हुनेछ। बन्दसत्रमा सभापति, उपसभापति, महामन्त्री, र कोषाध्यक्षले अलगअलग प्रतिवेदन पेस गर्नुहुने तालिका छ । प्रतिवेदनमाथि भूगोलका आधारमा समूह बनाई तीन फरक हलमा छलफल हुनेछ। हरेक हलमा रहेका डिजिटल बोर्डबाट सहभागीले

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## भूगर्वविद्हरूको टोलीद्वारा म्याग्दीका पहिरोको अध्ययन सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असोज

भूवर्गविद्हरूको टोलीले शनिबारदेखि म्याग्दीका पहिरो प्रभावित क्षेत्रको स्थलगत अध्ययन थालेका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको समन्वयमा नेपाल भौगर्भिक समाजको नेतृत्वमा समाजका अध्यक्ष भास्कर खतिवडासहितको प्राविधिक टोलीले पहिरोग्रस्त क्षेत्रमा विस्तृत स्थलगत अध्ययन थालेको हो।

टोलीले बेनी बजारको सुरक्षाका लागि चुनौती बनेका खरेनी खोल्सा, खोरिया पाखो र क्याम्पसचोकमाथिको पहिरोग्रस्त क्षेत्रमा पुगेर प्राविधिक अध्ययन गरेको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले जानकारी दिनुभयो । "नगरपालिकाको सिफारिस र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयअनुसार शुक्रबार बेनीमा आउनुभएका भूवर्गविद् र प्राविधिकको टोलीले आजदेखि नै अध्ययन सुरु गर्नुभएको छ", उहाँले भन्नुभयो, "बेनी बजारसहित नगरपालिका र जिल्लाका सबै जोखिमयुक्त क्षेत्रको प्राविधिक अध्ययन गर्ने योजना रहेको छ ।" टोलीले दिने सिफारिसका आधारमा पहिरो प्रभावित क्षेत्रमा अल्पकालीन र दीर्घकालीन रोकथामका काम गरिने नगरप्रमुख केसीले बताउनुभयो । पहिरोको अवस्था र माटोको बनोटको अवस्था आँकलन गर्न ड्रोनबाट तस्बिर लिनुका साथै पहिरो खसेको स्थानबाट ढुङ्गा तथा माटोका नमूना सङ्कलन गरी वैज्ञानिक अध्ययन अघि बढाइने भूगर्भविद् एवं त्रिचन्द्र बहुमुखी क्याम्पसका उपप्राध्यापक चम्पकबाबु सिलवालले बताउनुभयो । "विभिन्न विधि र उपकरणको प्रयोगका साथै स्थलगत निरीक्षण गरेर पहिरो गएका क्षेत्रहरूको अध्ययन थालेका छौँ", उहाँले भन्नुभयो, "काठमाडौँबाट आएका चार, स्थानीय तहका प्राविधिक र भूगर्वविज्ञान अध्ययन गरेका स्थानीय जनशक्तिको तीन वटा समूह बनाएर पहिरोको अध्ययन थालेका छौँ।" भूगर्भविद्को टोलीले स्थलगत अध्ययन तथा सङ्कलित नमुनाको विश्लेषण गरी सरकारलाई प्राविधिक प्रतिवेदन बुझाउनेछ।

## पर्यटन प्रवर्द्धनका लागि पोखरा-उत्तरपूर्वी भारतबीच 'बीटूबी' कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असोज

पोखरामा उत्तरपूर्वी भारतका पर्यटन व्यवसायी र पोखराका पर्यटन व्यवसायीबीच पर्यटन प्रवर्द्धन तथा व्यवसायिक सहकार्यका लागि 'बीटुबी' कार्यक्रम भएको छ।

नेपाल पर्यटन बोर्डको प्रवर्द्धन तथा पोखरा पर्यटन परिषद्को सहकार्यमा होटल एसोसिएसन नेपाल गण्डकी, नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकी र होटल एसोसिएसन पोखरा नेपालको आयोजनामा शुक्रबार पोखरामा 'बीटुबी' कार्यक्रम भएको हो । 'पर्यटन प्रवर्द्धन तथा व्यवसायिक सञ्जाल विस्तार' को उद्देश्यसहित आयोजित कार्यक्रममा उत्तरपूर्वी भारतीय पर्यटन महासङ्घका प्रतिनिधि तथा पोखराका पर्यटन व्यवसायी सहभागी भएका थिए। कार्यक्रममा नेपाल र उत्तरपूर्वी भारतका पर्यटन व्यवसायीबिच पर्यटन प्रवर्द्धन, पर्यटक आदानप्रदान, व्यवसायिक सम्बन्ध विस्तार तथा आपसी सहकार्यका विषयमा छलफल भएको पोखरा पर्यटन परिषद्का अध्यक्ष हरी भुजेलले बताउनुभयो। दुवै क्षेत्रका पर्यटन व्यवसायीबीच प्रत्यक्ष भेटघाट र व्यवसायिक सम्बन्ध विस्तारले पोखराको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने उहाँको विश्वास छ।

होटल एसोसिएसन पोखरा, नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले भारतका विभिन्न सहरमा वर्षेनी आयोजना गरिने 'चलिए पोखरा' अभियानलाई उत्तरपूर्वी भारतसम्म पुगेर सहकार्य गर्ने प्रतिवद्धता जनाउनुभयो।

पोखरा र उत्तरपूर्वी भारतबीच पर्यटन सम्बन्ध विस्तार गर्दै भारतीय पर्यटकको आगमन बढाउने 'बीटुबी' कार्यक्रमको मुख्य उद्देश्य रहेको नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकीका अध्यक्ष संगीता पौडेलले बताउनुभयो। पर्यटन व्यवसायीबीच सहकार्यका नयाँ सम्भावना पहिचान गर्न कार्यक्रमले सहयोग पुग्ने उहाँले सुनाउनुभयो । कार्यक्रममा उत्तर पूर्वी भारतीय पर्यटन महासङ्घका अध्यक्ष छिरिङ वाङ्गेले पोखरा भ्रमणका क्रममा यहाँका व्यवसायीसँग भएको भेटघाट र छलफलले आगामी दिनमा दुवै देशको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बताउनुभयो । पोखरासँग मिलेर पर्यटन सम्बन्धी धेरै कार्यक्रम गर्न सकिने उहाँले सुनाउनुभयो।

उत्तरपूर्वी भारत पर्यटन महासङ्घका महासचिव याङ्चेन टोङ्देन लेप्चाले उत्तरपूर्वी भारत र नेपाललाई सिमानाले मात्र छुट्याएपनि पर्यटन क्षेत्रमा एउटै उद्देश्य रहेको बताउनुभयो। आगामी दिनमा पोखरा र उत्तरपूर्वी भारतका पर्यटन व्यवसायी पर्यटकीय गतिविधिमा सहकार्य गर्दै अघि बढ्नुपर्नेमा उहाँले जोड दिनभयो।



# आप्रवासी स्रोत केन्द्रका परामर्शकर्तालाई तनाव व्यवस्थापन तालिम

पोखरापत्र संवाददाता
पोखरा, १७ असोज



सुरक्षित आप्रवासन कार्यक्रमअन्तर्गत कार्यरत कर्मचारी तथा सूचना तथा परामर्शकर्मीका लागि आयोजित दुईदिने तनाव व्यवस्थापन तालिम सम्पन्न भएको छ।

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयअन्तर्गतको सुरक्षित आप्रवासन कार्यक्रमले आयोजना गरेको तालिम कास्कीको ढिकुरपोखरीस्थित हिमालयन देउराली रिसोर्टमा शुक्रबारदेखि शनिबारसम्म सञ्चालन भएको हो। तालिममा सुरक्षित आप्रवासन कार्यक्रमका जिल्ला कार्यक्रम संयोजक, आप्रवासी स्रोत केन्द्रमा रही सेवा तथा परामर्श दिने सूचना तथा परामर्शकर्मी र मन्त्रालयका कर्मचारी गरी ४२ जनाको सहभागिता रहेको थियो। तालिममा मानसिक स्वास्थ्य, स्वहेरचाह, सकारात्मक सोच, पेशागत विकास तथा सकारात्मक ऊर्जासँग सम्बन्धित विभिन्न विषयमा सहजीकरण गरिएको थियो। तालिमको पहिलो दिन सावित्री शर्माले मानसिक स्वास्थ्य प्रवर्द्धनका तरिका तथा औजार र स्वहेरचाहसम्बन्धी तरिका तथा क्रियाकलापका विषयमा सहजीकरण गर्नुभएको थियो। त्यसैगरी सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सचिव शेषनारायण पौडेलले कार्य वातावरण तथा सहजीकरणमा सकारात्मक सोच विषयमा सहजीकरण गर्नुभएको थियो। कार्यतालिकामा समेत मानसिक सुस्वास्थ्य प्रवर्द्धन, स्वहेरचाह र कार्यस्थलमा सकारात्मक सोचका विषय समावेश गरिएको थियो। दोस्रो दिन भक्तराज रसाइलीले प्रशंसनीय दृष्टिकोण तथा पेशागत विकासका विषयमा सहजीकरण गर्नुभएको थियो भने पत्रकार तथा उत्प्रेरक सुष्मा पौडेलले सकारात्मक ऊर्जा तथा उत्प्रेरणासम्बन्धी क्रियाकलाप गराउनुभएको थियो। सहभागीहरूका लागि योग तथा साधनासमेत सञ्चालन गरिएको थियो।

कार्यक्रमको समापन गर्दै सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सचिव शेषनारायण पौडेलले कर्मचारीहरूले आफ्नो तनाव व्यवस्थापन गर्दै खुसी भएर काम गर्न सकून् भन्ने उद्देश्यले तालिम आयोजना गरिएको बताउनुभयो। उहाँले सेवाग्राहीसँग प्रत्यक्ष रूपमा काम गर्ने कर्मचारीहरूले मुस्कानसहितको सेवा प्रदान गर्न सकून् र सेवाभावलाई अझ मजबुत बनाउन सकून् भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको उल्लेख गर्नुभयो।

तालिमपछि कर्मचारीहरूमा सकारात्मक ऊर्जा र उत्साह बढ्ने विश्वास व्यक्त गर्दै सचिव पौडेलले आगामी दिनमा सेवाग्राहीलाई मुस्कानसहित, तनावमुक्त र प्रभावकारी सेवा प्रदान गर्न सहभागीहरूलाई आग्रह गर्नुभयो। उहाँले आफ्नो जिम्मेवारी पूरा गर्ने क्रममा कुनै पनि सम्झौता नगरी निःस्वार्थ भावना र सेवाभावका साथ काम गर्न कर्मचारीहरूलाई अनुरोध गर्नुभयो।

सेवाग्राहीलाई प्रदान गरिने सेवा कर्मचारीको व्यवहार र सकारात्मक सोचसँग पनि जोडिने भएकाले आफूले गर्ने कामप्रति जिम्मेवार र प्रतिबद्ध हुनुपर्ने उहाँको भनाइ थियो।

तालिमले कर्मचारीहरूलाई कार्यस्थलमा उत्पन्न हुने तनाव व्यवस्थापन गर्न, सकारात्मक सोच विकास गर्न तथा आफ्नो मानसिक स्वास्थ्य र स्वहेरचाहमा ध्यान दिन सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ।

# पोखरा सार्वजनिक पुस्तकालयको वार्षिक साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १७ असोज



पोखरा सार्वजनिक पुस्तकालयको चौतीसौँ वार्षिक साधारण सभा पोखराको पृथ्वि चोक स्थित पोखरा घरमा रहेको आफ्नै पुस्तकालय हलमा सफलतापूर्वक सम्पन्न भएको छ।

सभामा पुस्तकालयको वार्षिक प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन तथा आगामी कार्य योजनाबारे छलफल गरिएको थियो। कार्यक्रममा स्थानीय बौद्धिक व्यक्तित्व, पाठक, लेखक, पुस्तकालयका आजिवन सदस्य, साधारण सदस्य, पाठक सदस्य तथा शुभचिन्तकहरूको सहभागिता रहेको थियो। सभाले पुस्तकालयको सेवा विस्तार, डिजिटल अभिलेख व्यवस्थापन र सबै किसिमका पाठकको पहुँच बढाउने योजनालाई जोडदिएको छ। कार्यक्रमलाई शिक्षाविद् डा. जर्ज जोन, शिक्षाप्रेमी तथा बुद्धिजीवी आनन्दराज मुल्मी, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष सोभा गौतम र पोखरा प्रज्ञा प्रतिष्ठानका प्राज्ञ रवीन्द्र माकाजु लगायतले सम्बोधन गरेका थिए। सम्बोधनका क्रममा शिक्षाविद् जर्ज जोनले अहिलेको समयमा पुस्तक सङ्ग्रह गरेर पुस्तकालय सञ्चालन गर्ने कार्य कठिन हुँदै गएको बताउनु भयो। शिक्षाप्रेमी तथा बुद्धिजीवी आनन्दराज मुल्मीले अब पुस्तकालयले बौद्धिक बहस छलफल चलाउने र बौद्धिक विचार केन्द्रको रुपमा काम गर्नुपर्ने र यसमा पुस्तकालयलाई आवस्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो।

सभामा पुस्तकालय व्यवस्थापन समितिका अध्यक्ष अर्जुन श्रेष्ठले स्वगत मन्तव्य तथा पुस्तकालयबारे जानकारी दिएका थिए। सचिव वसन्त उदासले वार्षिक प्रतिवेदन तथा कोषाध्यक्ष पशुपति श्रेष्ठले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

कार्यक्रमको अन्त्यमा सदस्य मिनकुमारी डल्लाकोटीले सहभागीहरूलाई धन्यवाद ज्ञापन गरेकी थिइन्। पोखरा सार्वजनिक पुस्तकालयको प्रारम्भिक गठन विस २०४७ मा भएको थियो। यो पुस्तकालय नेपालमा सञ्चालनमा रहेका सार्वजनिक पुस्तकालयहरु मध्ये एक उत्कृष्ट पुस्तकालय मानिन्छ। हाल यो पुस्तकालय पोखरा महानगरपालिकाको पृथ्वि चौक स्थित पोखरा घरको पहिलो तल्लामा सञ्चालित छ।

# रोटरी लेकसाइड विद्यार्थीको मुस्कान जोगाउँदै

पोखरापत्र संवाददाता
पोखरा, १७ असोज



विद्यालय उमेरमै मुख तथा दाँतको स्वास्थ्यप्रति सचेत गराउने उद्देश्यले रोटरी क्लब अफ पोखरा लेकसाइडले पोखरा-१९,तल्लाकोटस्थित विन्ध्यस्वरी माध्यमिक विद्यालयमा विद्यार्थीको मुख तथा दन्त परीक्षणसँगै स्वास्थ्य सचेतना कार्यक्रम गरेको छ।

कान्तिपुर इन्स्टिच्युट अफ हेल्थ साइन्स एण्ड डेन्टल हस्पिटल, न्युरोड र रोटरी कान्तिपुर डेन्टल सेन्टर, लामाचौरको प्राविधिक सहयोगमा शुक्रबार आयोजित कार्यक्रममा कक्षा १ देखि १० सम्मका १ सय ८७ विद्यार्थीको मुख तथा दन्त परीक्षण गरिएको हो। परीक्षणसँगै विद्यार्थीलाई दाँत तथा मुखको स्वास्थ्य, सरसफाइ र नियमित हेरचाहका विषयमा जानकारी दिइएको थियो।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष आनन्दराज अधिकारी र रोटरी क्लब अफ पोखरा लेकसाइडका अध्यक्ष तोपबहादुर थापाले संयुक्त रूपमा दीप प्रज्ज्वलन गरी कार्यक्रमको उद्घाटन गरेका थिए। डेन्टल हाइजेनिस्ट सोनाम कार्कीले विद्यार्थीलाई दाँतको नियमित सरसफाइ, उचित खानपान र मुख स्वास्थ्यको महत्त्वबारे सचेत गराइन्। विद्यार्थीलाई लक्षित गरी सञ्चालन गरिएको यस्तो कार्यक्रमले उनीहरूमा मात्र नभई घरपरिवारसम्मपनिस्वास्थ्यसम्बन्धी सन्देश पुग्ने विश्वास आयोजकको छ। बालबालिकामा सानैदेखि स्वास्थ्यप्रतिको सचेतना विकास गर्न यस्ता कार्यक्रम प्रभावकारी हुने बताइएको छ।

रोटरी क्लब अफ पोखरा लेकसाइडका अध्यक्ष तोपबहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक श्रीराम आचार्यले स्वागत र क्लबका सचिव आमोद कोइरालाले सञ्चालन गरेका थिए। क्लबले यसअघि पनि शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवाका क्षेत्रमा विभिन्न कार्यक्रम गर्दै आएको क्लबका सर्भिस चियर सुभाष मल्लले पोखरापत्रलाई वताए।

# भोटेकोशी बाढी प्रभावितका लागि पाँच लाख बढी सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १७ असोज

पोखराको पुरानो सामाजिक संस्था सिद्धार्थ क्लबले गत भदौ १० गतेको भोटेकोशी बाढी पीडितका लागि रु पाँच लाख २० हजार ३३६ सहयोग गरेको छ।

मानवीय भावना र सामाजिक उत्तरदायित्वबापत सो सहयोग रकम प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा गरेको क्लबको आज पोखरामा सम्पन्न ४१औं पदस्थापन समारोहमा जानकारी दिइएको हो। यसैगरी, क्लबको वार्षिक साधारणसभा तथा पदस्थापना समारोहबाट आगामी कार्यकालका लागि सुनील श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमितिसमेत चयन गरिएको हो। क्लबको प्रथम उपाध्यक्षमा नवराज गोठाजु, द्वितीय उपाध्यक्षमा प्रकाशमान श्रेष्ठ, निर्देशकमा ज्ञानेश्वरराज श्रेष्ठ, सचिवमा अनिल श्रेष्ठ, कोषाध्यक्षमा मदन मुल्मी र सहसचिवमा जमुना अधिकारी चयन हुनुभयो। यसैगरी सदस्यमा शशि मर्सानी र वीरेन्द्र बाटाजु रहनुभएको छ। नवनिर्वाचित अध्यक्ष श्रेष्ठले पदभार ग्रहण गर्दै आर्थिक अभावका कारण शिक्षाबाट वञ्चित हुने बालबालिकालाई सहयोग गर्ने उद्देश्यले आफ्ना स्व बुबा डिलबहादुर श्रेष्ठको स्मृतिमा रु दुई लाखको अक्षय कोष स्थापना गर्ने घोषणा गर्नुभएको छ।

सो अक्षयकोष सिद्धार्थ क्लब पोखरामार्फत सञ्चालन गरिने र त्यसबाट आर्थिक रूपमा कमजोर बालबालिकाको शिक्षामा सहयोग गरिने श्रेष्ठले बताउनुभयो। अध्यक्ष श्रेष्ठले आगामी वर्षमा रकम थप गर्दै लैजाने प्रतिबद्धतासमेत जनाउनुभयो। विसं २०४१ मा स्थापना भएको सिद्धार्थ क्लबले शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका सशक्तीकरण, वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा सामाजिक सेवाका क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ।

समारोहमा गैसरकारी संस्था महासङ्घ नेपाल, गण्डकी प्रदेशका अध्यक्ष पदम पहारी, नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष आनन्दराज मुल्मी, सल्लाहकार समिति संयोजक सचिन श्रेष्ठ, राष्ट्रिय फोटो पत्रकार समूहका केन्द्रीय अध्यक्ष प्रदीपराज वन्त लगायतको उपस्थिति थियो।




# मुख्यमन्त्री ...

गराउनुभयो। यसैगरी, भोटेकोशी क्षेत्रमा आएको बाढीका कारण उत्तरी नाकामा ठूलो क्षति पुगेको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले वैकल्पिक नाकाका रूपमा गण्डकी प्रदेशको मुस्ताङ स्थित कोरला नाकालाई प्रभावकारी रूपमा सञ्चालन गर्ने गरी आवश्यक पूर्वाधार निर्माणलाई प्राथमिकता दिन संघ सरकारसँग आग्रह गर्नुभयो। सो अवसर भेटका क्रममा मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेश सरकारले निर्माण गरेको घरेलु मदिरासम्बन्धी कानुन कार्यान्वयनमा संघीय अन्तःशुल्कसम्बन्धी व्यवस्था स्पष्ट नहुँदा समस्या देखिएको बताउनुभयो। 'प्रदेश सरकारले कानुन बनाएर कार्यान्वयनमा लैजान खोजेको छ। तर अन्तःशुल्कसम्बन्धी अधिकार संघ सरकारको भएकाले त्यस विषयमा स्पष्टता नहुँदा कार्यान्वयनमा समस्या देखिएको छ,' उहाँले भन्नुभयो। प्रदेश सरकारको कानुन कार्यान्वयनमा देखिएको अन्तःशुल्कसम्बन्धी समस्या समाधानका लागि आवश्यक सहजीकरण गरिदिन उहाँले अर्थमन्त्री स्वर्णिम वाग्लेसँग आग्रह गर्नुभयो। यस्तै मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेश सरकारले देशमै पहिलोपटक राइड शेयरिङ सेवालाई व्यवस्थित गर्ने गरी कानुनी तथा नीतिगत प्रक्रिया अघि बढाएको तर कार्यान्वयनमा संघ सरकारबाटै समस्या देखिएको बताउनुभयो।

राइड शेयरिङ प्रदेशको एकल अधिकारको विषय भएकाले प्रदेश सरकारले आवश्यक कानुनी व्यवस्था गरी कार्यान्वयनमा लैजान खोजेको उहाँले बताउनुभयो। संघीय सरकारका विभिन्न कार्यालयबाट जारी भएका परिपत्र तथा निर्देशनका कारण कार्यान्वयनमा देखिएको अन्योल हटाउन आवश्यक समन्वय गरिदिन पूर्वाधार मन्त्री सुनिल लम्साललाई उहाँले आग्रह गर्नुभयो।

त्यसैगरी, औषधि तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेतीसम्बन्धी कानुन निर्माण गरी प्रदेश सरकारले प्रक्रिया अघि बढाएको जानकारी दिँदै यस क्रममा देखिएका कानुनी तथा प्रशासनिक चुनौती समाधानका लागि संघीय सरकारबाट आवश्यक सहजीकरण गर्न पनि मुख्यमन्त्री पाण्डेले ध्यानाकर्षण गराउनुभयो। भेटका क्रममा अर्थमन्त्री वाग्लेले विपदपछिको पुनर्निर्माण तथा अन्तःशुल्कलगायतका विषयमा आवश्यक सहजीकरण गर्ने प्रतिबद्धता जनाउनुभयो। यस्तै, भौतिक पूर्वाधार विकासमन्त्री लम्सालले राष्ट्रिय राजमार्गमा बाढीपहिरोका कारण पुगेको क्षतिको मूल्याङ्कन भइरहेको र आवश्यक प्रक्रिया पूरा गरी मर्मत तथा पुनर्निर्माणको काम छिटो अघि बढाउने बताउनुभयो। राइड शेयरिङसम्बन्धी विषयमा प्रदेशको समस्या समाधान गर्ने गरि सहजिकरण गर्ने र कार्यान्वयनका लागि आवश्यक वातावरण तयार गर्ने बताउनुभयो।

# ऐतिहासिकस्थलमा ...

प्रस्तुत प्रतिवेदन सुन्न र हेर्न पाउनु हुने प्रवक्ता चालिसे बताउनुभयो। निर्वाचन समितिले असोज १९ गते अपराह्न २:०० बजेदेखि ६:०० बजेसम्म उम्मेदवारी मनोनयनको समय निर्धारण गरेको जनाएको छ। मनोनयन राष्ट्रिय सभागृहमा गरिनेछ।

निर्वाचनको कार्यक्रम आवश्यकताअनुसार परिमार्जन हुनसक्ने निर्वाचन समितिले जनाएको छ। सहभागीहरूले प्रयोग गर्ने निजी कार तथा मोटरसाइकल पार्किङ गर्न भृकुटीमण्डप, राष्ट्रियसभागृह र पुरानो बसपार्क क्षेत्र निर्धारण गरिएको छ। ठूला बसका हकमा भने माइतीघरदेखि भद्रकाली खण्डको एक लेनमा पार्किङ व्यवस्था मिलाइएको छ। काँग्रेसको १५औं महाधिवेशनका सूचना अद्यावधिक गर्न महाधिवेशन स्थल खुलामञ्चमा मिडिया सेन्टर स्थापना गरी मिडिया ब्रिफिङ हुने उहाँले जानकारी दिनुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

# धान भित्र्याउने बेलामा खेतै लग्यो बाढीले

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ असोज



फाँटमा धान झुलेर पहेँलो हुँदै थियो । किसान दसैँको अघिपछि धान भित्र्याउने सुरसारमा थिए। तर, केही दिनअघि दरमखोलामा आएको बाढीले दुःखजिलो गरेर उब्जाएको धानबालीमात्र लगेन खेत बगाइदियो।

बागलुङको गलकोट नगरपालिका-९ का किसान यतिबेला प्रकृतिको प्रहार सहन बाध्य छन् । लहलह धान फल्ने खेत बगरमा परिणत हुँदा किसान गहिरो चिन्तामा छन् । फापरखेतका पुरुषोत्तम गौतमले भेतुङमा रहेको आफ्नो १८ मुरी धान फल्ने खेत बाढीले बगाएको बताउनुभयो।

"नामोनिसान नरहने गरी खेत सबै बाढीले लग्यो, बाउबाजेले आर्जेको खेत बगर पल्टँदा मन भारी भएको छ", उहाँले भन्नुभयो, "खेतकै उब्जनीले घरपरिवार धानिन्थ्यो, यसपालि प्रकृतिले हामीलाई ठग्यो, हाम्रो आवाज खै कसले सुन्छ ?"

टिमुरबोटका टेकराज शर्माको पीडा पनि उस्तै छ। उहाँको १२ मुरी धान फल्ने चार रोपनी खेत बाढीले कटान गरेको छ। "धाने पाकेर घर भित्र्याउने बेलामा भएको खेत पनि सबै बाढीले बगायो", उहाँले भन्नुभयो, "दुःख गरेर जोडेको खेत सबै सकियो, राज्यले क्षतिपूर्तिको व्यवस्था गर्न सके हामीलाई केही राहत हुने थियो ।" उहाँले आफूजस्तै धेरै छिमेकीहरू बाढीको मारमा परेको बताउनुभयो । गत शनिबार रातिको भारी वर्षापछि दरमखोलामा आएको बाढीले तटीय क्षेत्रमा बढी क्षति पुऱ्याएको छ । बाढीले उक्त वडामा केही घरगोठसमेत बगाएको गलकोट-९ का वडाध्यक्ष तेजबहादुर थापाले बताउनुभयो । उहाँका अनुसार बाढीले टिमुरबोट, ब्राहमुरी, भेतुङ, सयमुरीलगायत ठाउँमा खेत कटान गरेको हो। "बाह्रमुरीमा रहेको मेरो आफ्नै १० मुरी धान फल्ने खेतमा पनि अहिले खोला हिँडेको छ", उहाँले भन्नुभयो, "यस वडाका धेरै किसानको मुख्य उब्जाउ क्षेत्र बाढीले बगाएको छ।" मुख्य खाद्यबाली धान भित्र्याउने बेलामा आएको बाढीले खेत नै बगाएपछि किसान पीडामा रहेको वडाध्यक्ष थापाले बताउनुभयो। राम्रो बाली लाग्ने उब्जाउ जमिन नासिँदा गाउँको कृषि प्रणालीमा नकारात्मक प्रभाव पर्ने देखिएको उहाँले उल्लेख गर्नुभयो। बाढीबाट पुगेको क्षतिको विवरण सङ्कलन गरेर प्रभावित किसानलाई राहत उपलब्ध गराउन वडा कार्यालयमार्फत आवश्यक प्रक्रिया अगाडि बढाइएको थापाको भनाइ छ। बाढीबाट प्रभावित १३५ परिवारमध्ये सबैभन्दा धेरैको खेत कटान गरेको उहाँले बताउनुभयो।

गलकोट-३ मा पनि करिब २० रोपनी खेतमा बाढीले क्षति पुऱ्याएको वडाध्यक्ष फम खत्रीले बताउनुभयो। गलकोटमा मानवीय क्षति नभए पनि व्यक्ति र सार्वजनिक सम्पत्तिमा ठूलो क्षति पुगेको उहाँको भनाइ छ।

नगरप्रमुख भरत शर्मा गैरेले दरमखोलाले गलकोटका वडा नं ३, ५, ६, ८, ९ लगायत वडामा खेत कटान गरेको जानकारी दिनुभयो। उहाँले धानखेत कटान भएका किसानलाई एक रोपनी बराबरको रु चार हजार राहत दिने निर्णय भएको बताउनुभयो।

"बाढीले धानबालीमा पुऱ्याएको क्षतिका लागि किसानलाई चार हजारदेखि बढीमा १६ हजारसम्म क्षतिपूर्ति दिँदैछौँ", उहाँले भन्नुभयो, "नगरपालिकाका तर्फबाट बाढी प्रभावितलाई तत्कालका लागि राहत व्यवस्था गरेका छौँ, पुनर्निर्माणलाई योजनाबद्ध रूपमा अगाडि बढाउँछौँ।" क्षतिको एकिन विवरण सङ्कलन गर्ने काम भइरहेको उहाँको भनाइ छ। प्रारम्भिक विवरणअनुसार बाढीपहिरामा कारण नगर क्षेत्रभित्र २२ घरगोठमा क्षति पुगेको छ । 'रिसोर्ट'लगायत व्यावसायिक संरचनामा पनि क्षति पुगेको प्रमुख गैरेले बताउनुभयो। "खेतसँगै कृषि फार्म, पशुपालन व्यवसायमा पनि बाढीले क्षति पुऱ्याएको छ", उहाँले भन्नुभयो, "उहाँहरूका लागि राहत र क्षतिपूर्तिका लागि निरन्तर पहल भइरहेको छ", उहाँले भन्नुभयो।

यही असोज ८ देखि ११ गतेसम्म परेको भारी वर्षासँगै निम्तिएका बाढीपहिराका घटनाबाट गलकोटसहित जिल्लाका अधिकांश स्थानीय तह प्रभावित बनेका छन्। पहिरामा परी जिल्लामा १३ जनाले ज्यान गुमाएका छन् भने ठूलो भौतिक क्षति पुगको छ।

# बाढीपछि उजाडियो सेतीवेणी, करोडौँको क्षति

**पोखरापत्र संवाददाता**
पर्वत, १७ असोज

असोज ८ गतेदेखि लगातार वर्षा हुने पूर्वसूचना पाए पनि पर्वत, स्याङ्जा र गुल्मीको सङ्गमस्थल सेतीवेणीका स्थानीयले कालीगण्डकी र सेतीखोलामा जलसतह बढ्दै गए पनि पूर्ववत् जस्तै सामान्य बाढी आउने ठानेका थिए । शनिबार रातिसम्म कालीगण्डकी र सेतीखोला पूर्ववत् रूपमा बगिरहेका थिए । राति १२ बजे स्थानीय सेतीवेणी प्रहरी चौकीमा माथिल्लो क्षेत्रमा कालीगण्डकीको जलसतह निकै बढेर आएको सूचना पुगेपछि तत्काल महत्वपूर्ण कागजात लिएर चौकी छाड्न र सुरक्षित स्थानमा जान निर्देशन दिइयो। प्रहरीले चौकी छाडेर आसपासका स्थानीयलाई समेत बस्तीबाट सुरक्षित स्थानमा जान आग्रह गरेको केही समयमै कालीगण्डकी र सेतीखोलाको बाढी बजारमा पस्यो।

बाढीले पर्वततर्फ नौ घर बगाएको र झण्डै ५० घर डुबानमा परेको स्थानीयले बताएका छन् । सँगै जोडिएको स्याङ्जाको गल्याङ नगरपालिका-५ को बजार क्षेत्रसमेत पूर्ण रूपमा डुबानमा परेको थियो । स्याङ्जातर्फका करिब २५ कच्ची तथा पक्की घर बाढीमा बगेका छन् । अहिले ती क्षेत्रमा बालुवा र गिटी थुप्रिएर बगरमा परिणत भएको स्थानीय रेशमलाल न्यौपानेले बताउनुभयो। "असोज १० गते दिउँसो देखिएको क्षेत्र र अहिलेको अवस्था हेर्दा सपना जस्तै लागेको छ। कसरी यस्तो भयो भनेर विश्वास गर्न गाह्रो छ," उहाँले भन्नुभयो । बाढीले प्रहरी चौकीसहित खाद्यान्न, विद्युतीय सामग्री, भाँडाकुँडा, फेन्सी पसल तथा होटलमा क्षति पुऱ्याएको छ। नेष्डो समृद्ध लघुवित्त, विभिन्न सहकारीलगायत संस्थासमेत डुबानमा परेका छन् । न्यौपानेका अनुसार पर्वततर्फ मात्रै करिब रु १० करोडको क्षति भएको छ। गुल्मीको अर्बेनीबाट सेतीवेणीमा आएर मोबाइल व्यवसाय गर्दै आएका एक युवाले करिब रु ३० लाख बराबरको क्षति भएको बताउनुभयो । स्थानीय ७० वर्षीय रवि भट्टराईले आफ्नो जीवनकालमा बजारमा यसरी ठूलो बाढी पसेको पहिलोपटक देखेको बताउनुभयो । स्थानीय होटल व्यवसायी उमाकान्त न्यौपानेले घरसहित रु ४० लाखभन्दा बढीको क्षति भएको बताउनुभयो । "अन्यत्र जाऊँ भने जग्गाजमिन छैन । यही जोखिम मोलेर बस्नुपर्ने बाध्यता छ । जीवनभरको कमाइ एकै रातमा बगरमा परिणत भयो," उहाँले भन्नुभयो । उहाँ अहिले परिवारसहित स्थानीय विद्यालयमा आश्रय लिएर बस्नुभएको छ।

स्थानीय अगुवा व्यवसायी रेशमलाल न्यौपानेले घर तथा विभिन्न व्यवसायमा भएको क्षतिसमेत जोड्दा पर्वततर्फ मात्रै करिब रु १० करोडको क्षति भएको जानकारी दिनुभयो । बाढी प्रभावितलाई बिहादी गाउँपालिकाले स्थानीय शालिग्राम माध्यमिक विद्यालयमा बस्ने र खाने व्यवस्था मिलाएर आश्रय दिएको छ। स्याङ्जातर्फको बजार क्षेत्र पनि बाढीपछि खण्डहरमा परिणत भएको छ। यहाँ सानाठूला गरी करिब २५ घरमा क्षति पुगेको छ। लामो समयदेखि होलसेल पसल सञ्चालन गर्दै आउनुभएका खिमप्रसाद पौडेलले स्वदेशमै केही गरौँ भनेर गरेको लगानी बाढीले क्षणभरमै बगाएको बताउनुभयो । उहाँका अनुसार करिब रु ५० लाखभन्दा बढीका सरसामान बाढीले बगाएको छ । गल्याङ नगरपालिका-५ का वडाध्यक्ष घनश्याम भट्टराईका अनुसार स्याङ्जातर्फ पनि करोडौँको क्षति भएको छ। भौतिक संरचनाबाहेक स्थानीयको रु १५ करोडभन्दा बढीको धनमाल नष्ट भएको उहाँले जानकारी दिनुभयो। बाढीले स्थानीय मन्दिर, सत्तल, शालिग्राम शिलासम्म जाने पैदलमार्गलगायत संरचनामा समेत क्षति पुऱ्याएको छ। बाढीपीडितलाई स्थानीय तह र जिल्ला प्रशासन कार्यालय स्याङ्जाले खाद्यान्न तथा लत्ताकपडा वितरण गरेको उहाँले बताउनुभयो। वर्षौंदेखिको लगानी, मेहनत र परिश्रम बाढीले बगाएपछि स्थानीय रोजगारी र व्यवसायविहीन भएका छन् । अब अन्यत्र बसाइँ सर्ने वा सोही स्थानमा पुनः घर तथा व्यवसाय सञ्चालन गर्ने भन्ने विषयमा उनीहरू अन्योलमा छन्।

स्थानीय शालिग्राम माध्यमिक विद्यालयका प्रधानाध्यापक पशुपति बस्यालले बाढीले बजार क्षेत्र असुरक्षित बनाएपछि स्थानीय नयाँ ठाउँमा जाने वा जोखिम मोलेर पुनः सोही ठाउँमा बस्ने भन्ने विषयमा अन्योलमा रहेको बताउनुभयो।

# तनहुँमा कृत्रिम गर्भाधान सेवा विस्तार

**पोखरापत्र संवाददाता**
तनहुँ, १७ असोज

जिल्लामा पशुको नश्ल सुधार तथा उत्पादन वृद्धि गर्ने उद्देश्यले सञ्चालन गरिएको कृत्रिम गर्भाधान सेवा प्रभावकारी बन्दै गएको छ।

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र स्थानीय तहअन्तर्गतका कृत्रिम गर्भाधान केन्द्रमार्फत आर्थिक वर्ष २०८२/८३ मा १० हजार ७८३ पशुमा कृत्रिम गर्भाधान भएको छ भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका पशु स्वास्थ्य प्राविधिक रुद्रसिंह ठकुरीले बताउनुभयो।

तनहुँमा १० वटा कृत्रिम गर्भाधान केन्द्र सञ्चालनमा छन् । ती केन्द्रमा ३० जना कृत्रिम गर्भाधानकर्ता परिचालित छन् । केन्द्रमार्फत एक हजार ९१० पशुमा कृत्रिम गर्भाधान गरिएको छ। जसमा एक हजार ३४५ गाई, ५६४ भैंसी र एक बङ्गुर छन् । त्यसैगरी स्थानीय तहअन्तर्गत सञ्चालित सेवामार्फत आठ हजार ८७३ पशुमा कृत्रिम गर्भाधान गरिएको केन्द्रले जनाएको छ। स्थानीय तहअन्तर्गत चार हजार ४३८ गाई, चार हजार ३८८ भैंसी, २० बाख्रा र २७ बङ्गुरमा कृत्रिम गर्भाधान गरिएको हो । प्राविधिक ठकुरीका अनुसार कृत्रिम गर्भाधानपछि गाईमा ६५ प्रतिशत, भैँसीमा ५० प्रतिशत, बाख्रामा ३० प्रतिशत र बङ्गुरमा ७६ प्रतिशत गर्भाधान दर रहेको छ। "पशुपालन व्यवसायमा उन्नत नश्लका पशुको संख्या बढाउन, दूध तथा मासु उत्पादन वृद्धि गर्न र पशुपालक किसानको आयआर्जन बढाउन कृत्रिम गर्भाधान सेवालाई महत्वपूर्ण मानिन्छ," उहाँले भन्नुभयो । प्राकृतिक गर्भाधानको तुलनामा उन्नत नश्लका साँढे तथा राँगाको वीर्य प्रयोग गरी पशुको नश्ल सुधार गर्न सकिने भएकाले किसानमा यो सेवाप्रति आकर्षण बढेको उहाँले बताउनुभयो । तनहुँमा कृत्रिम गर्भाधान सेवा लिने पशुको संख्या अघिल्लो आर्थिक वर्षको तुलनामा बढेको छ। केन्द्रका अनुसार आर्थिक वर्ष २०८१/८२ मा नौ हजार ५५२ पशुमा कृत्रिम गर्भाधान गरिएको थियो। एक वर्षमा कृत्रिम गर्भाधान गरिएका पशुको संख्या एक हजार २३१ ले वृद्धि भएको छ। जिल्लामा व्यावसायिक रूपमा पशुपालन गर्ने किसानको संख्या बढ्दै जानु, उन्नत नश्लका पशुप्रति किसानको आकर्षण बढ्नु तथा स्थानीय तहसम्म कृत्रिम गर्भाधान सेवा विस्तार हुनुका कारण सेवाग्राही पशुको संख्या बढेको प्राविधिक ठकुरीले बताउनुभयो।

कृत्रिम गर्भाधानबाट उन्नत नश्लका पशु उत्पादनसँगै दूध तथा मासु उत्पादन बढाउन सहयोग पुग्ने भएकाले पशुपालनलाई व्यावसायिक र उत्पादनमुखी बनाउन यो सेवा प्रभावकारी भएको प्राविधिक ठकुरीले बताउनुभयो।

# मौलिकताको आँगनमा पर्यटनको पाइला: सिङ्दी गाउँ

**रासस**
लमजुङ, १७ असोज



ढुङ्गाले छाएका घर, गुरुङ संस्कृति, स्थानीय परिकार र आत्मीय ग्रामीण जीवनशैली । वरिपरि हरियाली पहाड र शान्त वातावरण।लमजुङकोक्व्होलासोथार गाउँपालिका-५ स्थित सिङ्दी गाउँ पुग्दा देखिने यिनै दृश्यले यहाँको मौलिक पहिचान झल्काउँछ।

प्रकृति, संस्कृति र परम्परागत जीवनशैलीको सङ्गम सिङ्दी पछिल्लो समय ग्रामीण पर्यटनको गन्तव्यका रूपमा विकास हुँदै गएको छ । विगतमा प्रचारप्रसारको अभावमा ओझेलमा परेको सिङ्दीमा विसं २०७६ देखि घरबास (होमस्टे) सञ्चालनमा आएपछि पर्यटकको आवागमन बढ्न थालेको हो । होमस्टे औपचारिक रूपमा भने विसं २०८१ मा दर्ता भएको हो। गाउँका २३५ घरमध्ये अहिले १८ घरमा घरबास सञ्चालन भइरहेको छ। सिङ्दी सामुदायिक होमस्टेका अध्यक्ष हुकुमबहादुर गुरुङका अनुसार यहाँ आउने पर्यटक प्रायःएकरात बस्ने गर्छन्। समूह बनाएर सवारीसाधन रिजर्भ गरी आउने पर्यटकको रोजाईको केन्द्र बनेको छ। नियमित रूपमा पर्यटक नआए पनि महिनामा करिब १०० जनासम्म पुग्ने उहाँले बताउनुभयो । "पहिला पर्यटक खासै आउँदैनथे । गुरुङ सम्पदा पदमार्गमा जोडिएपछि विस्तारै पर्यटक आउन थालेका छन्", उहाँले भन्नुभयो, "विशेषगरी कलेजका युवा तथा विभिन्न समूह बनाएर आउनेक्रम बढेको छ।" गुरुङ समुदायको बाक्लो बस्ती रहेको सिङ्दीमा घाँटु, सोरठी र कृष्णचरित्रजस्ता मौलिक सांस्कृतिक कार्यक्रम पर्यटकलाई देखाउने गरिएको छ। गुम्बा तथा देवीस्थान मन्दिरजस्ता धार्मिक तथा सांस्कृतिकस्थल पनि यहाँका आकर्षण हुन् । होमस्टेमा स्थानीय उत्पादनबाट तयार पारिएका चामल, कोदो, सागसब्जी,लोकल कुखुरालगायत परिकारलाई प्राथमिकता दिइन्छ । एकरात बसाइको प्याकेजका लागि प्रतिव्यक्ति रु एक हजार १०० लिने गरिएको अध्यक्ष गुरुङले बताउनुभयो । सिङ्दीको पर्यटकीय सम्भाव्यता होमस्टेमा मात्र सीमित छैन। उक्त गाउँ गुरुङ सम्पदा पदमार्गसँग जोडिएको छ । कास्कीको ताङतिङ हुँदै ऋपु डाँडा, लमजुङका विभिन्न गुरुङ बस्ती पार गर्दै मनाङको तिमाङसम्म पुग्ने पदमार्गमा सिङ्दी पनि समेटिएको छ।

पुरानो पैदल तथा व्यापारिक मार्ग, भेडीगोठ र खर्कलाई पर्यटनसँग जोड्ने यस पदमार्गमा अन्नपूर्ण, माछापुच्छ्रे, लमजुङ, हिमलुङ, गणेश, हिमालचुली र मनास्लुलगायत हिमशृङ्खला अवलोकन गर्न सकिन्छ। सिङ्दीबाट कास्कीको मादी गाउँपालिका-२ स्थित ऋपु डाँडातर्फ पदमार्ग जोड्ने काम भइरहेको छ। यस क्रममा करिब एक हजार ३०० मिटर सिँढी निर्माण भइसकेको छ । बाँकी बाटोलाई व्यवस्थित गर्ने काम अघि बढाइएको छ।

क्व्होलासोथार गाउँपालिका अध्यक्ष सूर्यप्रसाद गुरुङका अनुसार गाउँपालिकाले सिङ्दीको पर्यटन प्रवर्द्धनका लागि सडक तथा पदमार्ग विकासलाई प्राथमिकता दिएको छ। स्थानीय उत्पादनबाट अचारलगायत वस्तु तयार गर्ने तथा पर्यटनसँग सम्बन्धित सीपमूलक तालिम सञ्चालन गर्नुका साथै खेलकुद, सांस्कृतिक कार्यक्रम र प्रचारप्रसारलाई पनि जोड दिइएको उहाँले बताउनुभयो।

धार्मिक पर्यटन प्रवर्द्धनका लागि गुम्बा तथा प्रवेशद्वारलगायत संरचना निर्माणको काम भइरहेको उहाँको भनाइ छ । पर्यटनसँगै गाउँको सामाजिक जीवनमा पनि परिवर्तन आएको स्थानीय बताउँछन् । छैसट्ठी वर्षीय योगप्रसाद गुरुङका अनुसार होमस्टे सञ्चालनपछि घरआँगनको सरसफाइ र घरको व्यवस्थापनमा स्थानीयको ध्यान बढेको छ । आम्दानीको स्रोत थपिनुका साथै गाउँको प्रचारप्रसार पनि बढेको उहाँले बताउनुभयो।

"पहिला खेतीपातीमै बढी निर्भर हुनुपर्थ्यो । गाउँ पनि धेरै चिनिएको थिएन। अहिले होमस्टे सञ्चालन भएपछि आम्दानीको स्रोत थपिएको छ, पर्यटक आउन थालेपछि गाउँको प्रचारप्रसार पनि भएको छ", उहाँले भन्नुभयो।

सडक तथा पदमार्गको पहुँच विस्तार, होमस्टे सञ्चालन, स्थानीय सीप विकास र सांस्कृतिक गतिविधिसँगै सिङ्दी गाउँ पर्यटनको नयाँ गन्तव्यका रूपमा चिनिन थालेको छ । आधुनिक सुविधा विस्तार हुँदै गए पनि पुस्तौँदेखि जोगिँदै आएको संस्कार, संस्कृति, खानपान र ग्रामीण जीवनशैलीलाई संरक्षण गर्नसके सिङ्दीले आफ्नो मौलिकता कायम राख्दै पर्यटनबाट स्थानीय अर्थतन्त्रलाई थप बलियो बनाउनसक्ने देखिन्छ।

# कांग्रेस महाधिवेशनमा उम्मेदवारको मनोनयन सोमबार हुने

**रासस**
काठमाडौं, १७ असोज

नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत केन्द्रीय कार्यसमितिको निर्वाचनका लागि उम्मेदवारको मनोनयनपत्र दर्ता सोमबार हुने भएको छ।

कांग्रेस केन्द्रीय निर्वाचन समितिले शनिबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार यही असोज १९ गते सोमबार दिउँसो २:०० बजेदेखि साँझ ६:०० बजेसम्म काठमाडौँस्थित राष्ट्रियसभा गृहमा उम्मेदवारहरूको मनोनयनपत्र दर्ता गर्ने तालिका छ। निर्वाचन समितिका सदस्य-सचिव राजु कडुवालद्वारा जारी विज्ञप्तिमा तोकिएको समयभित्र सम्पूर्ण केन्द्रीय महाधिवेशन प्रतिनिधि सदस्य तथा महाधिवेशनबाट उम्मेदवार बन्न योग्य व्यक्तिहरूले मनोनयनपत्र दर्ता गर्न सक्ने उल्लेख छ । कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत केन्द्रीय कार्यसमितिको निर्वाचनका लागि आवश्यक निर्वाचन कार्यक्रमसम्बन्धी विस्तृत विवरण पछि प्रकाशित गरिने निर्वाचन समितिले जनाएको छ। मनोनयन दर्ताको मिति तय भएसँगै कांग्रेसको १५औँ महाधिवेशनमा सभापति, पदाधिकारी तथा केन्द्रीय सदस्यका आकाङ्क्षीहरूको उम्मेदवारी प्रक्रिया औपचारिक रूपमा अघि बढ्ने भएको छ। विभिन्न पदका आकाङ्क्षीहरूले उम्मेदवारी घोषणा गर्ने क्रम जारी छ। निर्वाचन समितिले महाधिवेशन प्रतिनिधिहरूलाई निर्धारित समयभित्र उम्मेदवारको मनोनयनपत्र दर्ता गर्न सूचित गरेको छ।


## एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा विरुवा गाउँपालिका वडा नं ०२ निवासी भारतीय भु.पु. सैनिक नं. JC 607709 H सुबेदार लोक बहादुर गुरुङको र श्रीमतीको ना.प्र.मा र सैनिक अभिलेखमा तपसिल बमोजिमको नामथर र जन्म मिति फरक परेकोले फरक फरक नामथर र जन्म मिति भएतापनि व्यक्ति एउटै भनी सोही सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं. १७३ मिति २०८३/०५/३१ को पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही व्यहोरा सिफारिस गरिन्छ।

| क्र.सं. | ना.प्र.मा नामथर | ना.प्र.मा जन्ममिति | सैनिक अभिलेखमा | नाता |
|---|---|---|---|---|
| १. | लोक बहादुर गुरुङ | २०२०/०२/२५<br>8 Jun1963 A.D. | २०२२/१२/१७<br>30 March 1966 A.D. | पेन्सनर |
| २. | सोमति गुरुङ भन्ने सोम कुमारी गुरुङ | | सोम कुमारी गुरुङ | श्रीमती |

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**